नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

बागलुङ

## रघुगंगा गाउँपालिका, म्याग्दीबाट करदाता सेवा प्रवाह शुभारम्भ भएको सूचना ।

आज मिति २०८३ श्रावण २७ गते बुधबारका दिनबाट रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, म्याग्दीबाट करदाता सेवा सम्बन्धी देहायका सेवा प्रवाह शुरुवात भएको हुँदा रघुगंगा गाउँपालिकाका करदाताले सो पालिकाबाट सेवा लिन सक्नु हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

- ✓ स्थायी लेखा नम्बर (Permanent Account Number ) जारी गर्ने कार्य ।
- ✓ व्यवसायलाई आयकरमा दर्ता गर्ने कार्य (Business PAN) आयकर दर्तामा कारोबार थप गर्ने कार्य ।
- ✓ स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधन कार्य ।
- ✓ दर्ता खारेजी भएका व्यवसायिक स्थायी लेखा नम्बरहरूलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रूपान्तरण गर्ने कार्य ।

**पुनश्च**

१. रघुगंगा गाउँपालिकाका करदाताहरूले उल्लिखित र उल्लिखित बाहेकका सेवाहरू सोझै आन्तरिक राजस्व कार्यालय, बागलुङमा आएर पनि लिन सक्नुहुनेछ ।

२. उल्लिखित बाहेकका सेवाहरूको हकमा गाउँ कार्यपालिकाको कार्यालयको सिफारिसमा आन्तरिक राजस्व कार्यालय, बागलुङबाटै सेवा लिनुपर्ने हुन्छ अथवा सोझै आन्तरिक राजस्व कार्यालय, बागलुङमा आएर पनि सेवा लिन सक्नु हुनेछ ।

**मितिः- २०८३ साल श्रावण २७ गते बुधबार ।**
**नेपाल सम्वत्: ११४६ दिल्लागा ३० ।**